प्यूठान समाचार

प्यूठान जिल्लाबाट प्रकाशित पहिलो समाचार मूलक "ख" वर्गको पत्रिका

Pyuthan Samachar Daily — राष्ट्रिय दैनिक

प्यूठान जिल्लामा पहिलो पटक
एशियन पेन्ट्सको डिलर बाग्दुलामा

- कलर बैंक मार्फत १० हजार प्रकारका रंगहरु ग्राहकको रोजाई अनुसार उपलब्ध छन्।
- एशियन पेन्ट्सका सम्पूर्ण रंगरोगनहरु, रोयल, एपेक्स, अल्टिमा, डिस्टेम्पर तथा प्लास्टिक पेन्ट्सहरु ७ वर्षको वारेन्टी सहित छुटमा उपलब्ध छन् ।
- एशियन पेन्ट्स लिड प्रि भएकाले मानव स्वास्थ्यमा कुनै असर गर्दैन ।
- सामान ढुवानीको पनि व्यवस्था छ ।

साथै हामी कहाँ सम्पूर्ण निर्माण सामग्रीहरु उचित मूल्यमा पाइन्छ ।
"हामी नाफाको दश प्रतिशत समाज सेवा गर्छौं ।"

आर एण्ड आर ट्रेड लिंक
धर्मावती-१ वाग्दुला पुलचोक, प्यूठान
फोन नं. : ०८६-४६०२७८/९८५१०७२०५५
व्यवस्थापक : रमेश पौडेल

वर्ष १३, अंक ११९, २०७१ साल बैशाख ३१ गते मंगलवार *(Pyuthan Samachar National Daily 14 May 2014)* पृष्ठ : ४ मूल्य : ५

जिल्ला अस्पतालमा पहिलो पटक शल्यक्रियाबाट प्रसुती

गिरूप्रसाद भण्डारी/प्यूठान समाचार
प्यूठान, ३० बैशाख ।

जिल्ला अस्पताल बिजुवारमा पहिलो पटक शल्यक्रिया गरेर प्रसुती गराइएको छ । सोमबार भिगृ ८, नेवारेकी २२ वर्षीय मुमी रोकाको शल्यक्रिया गरेर बच्चा निकालीएको हो । फागुनबाट सञ्चालन हुने भनिएको शल्यक्रिया सहितको प्रसुती सेवा संचालन नभएको गुनासोसंगै जिल्ला स्वास्थ्यले आवश्यक तयारीका साथ सेवा शुरु गरेको जनस्वाथ्य अधिकृत बिशाल सुबेदीले बताउनुभयो ।

प्रसुती शल्यक्रिया सेवा (सीओसी साइड) बाट उत्कृष्ट प्रसुती सेवा पाएको भन्दै बिरामीका आफन्त खुसी भएका छन् । भिगृ स्वाथ्य केन्द्रले बुटबल जान भनेकोमा यतै सजीलै शल्यक्रिया भएर बच्चा निकालीएकाले खर्च बचेको उनका श्रीमान धनबीर रोकाले बताउनुभयो ।

'अत्याधुनिक उपकारण भित्रयाएर बिशेषज्ञ चिकित्सकले शल्यक्रिया गरेर बच्चा निकालीएकोमा निकै खुसी छौ,'पहिलो पटक भएकाले डर लागेको थियो । राम्रो भयो,' रोकाले भन्नुयभयो,'एक हप्ता बसेर जाने भनेका छन् ।' उहाँले यो सेवाले धेरैलाई राहत मिलेको बताउनुभयो । उहाँले दुई हप्ता समयावधि सकिएकाले पिर लागेर बुटबल जाने तयारी गरेको अवस्थामा यतै सल्यक्रिया गरि निकालीएकोमा खुसी भएको बताउनुभयो । प्रभावकारी प्रसुती सेवाका लागि पटक-पटक पहल भएपनी यसले सार्थकता नपाउदा धेरै आमा तथा शिशुले अकालमै ज्यान गुमाउनु परेको थियो । अत्याधुनिक उपकरण सहित निक साइमन ईन्स्टिच्युट काठमाण्डौंले सहयोग गरेपछि सेवा सुचारु भएको हो । सेवा सुचारु भएपछि असामान्य बाहेक कुनै पनि सुत्केरी यहाँबाट बाहिर रिफर गर्न नपर्ने मेडिकल सुपरिटेन्डेन्ड डा.फणिन्द्रप्रसाद बरालले बताउनुभयो ।

शल्यक्रिया गराउन लाने तयारी गर्दै स्वाथ्यकर्मीहरु । शल्यक्रिया पछि बच्चालाई दुध खुवाउन सहयोग गदै सुत्केरी मुमीकी दिदी र श्रीमान । उनीहरु जिल्लामै शल्यक्रिया गरेर बच्चा निकालीकोमा निकै खुसी छन् । तस्विर : गिरुप्रसाद भण्डारी/प्यूठान समाचार

जिल्ला स्वाथ्य प्रमुख समेत रहनुभएका मेडिकल सुपरिटेन्डेन्ट डा.फणिन्द्रप्रसाद बरालले दुई डाक्टर एक नर्सको सहयोगमा सलिलै एक घन्टामै शल्यक्रिया गरेर बच्चा निकालीएको बताउनुभयो । यसैका लागि गत माघमा आउनुभएको बरालले अहिले स्वाथ्य प्रमुखको समेत काम सम्हाल्नुभएको छ । सेवा पछि प्यूठान, रोल्पा, गुल्मी र अर्घाखाँचीका सेवाग्राही लाभान्वित हुने जिल्ला स्वास्थ्य कार्यालय प्यूठानले जनायो ।

दाहालभन्दा वैद्यसँग नजिक: भट्टराई

प्यूठान समाचार सम्वाददाता
काठमाण्डौं, ३० बैशाख ।

एमाओवादी नेता बाबुराम भट्टराईले अध्यक्ष पुष्पकमल दाहालभन्दा पनि नेकपा-माओवादी अध्यक्ष मोहन वैद्यसँग नजिक रहेको बताउनुभएको छ । एकलौटी ढंगबाट पार्टी चलाउने अध्यक्ष दाहालको कार्यशैलीका कारण मोहन वैद्यसँग नजिक रहेको उहाँले बताउनुभयो । साताव्यापी चीन भ्रमण सकेर स्वदेश फर्किएपछि मंगलवार अन्तराष्ट्रिय विमानस्थलमा पत्रकारसँग उहाँले अध्यक्ष दाहालले एकलौटी ढंगबाट पार्टी चलाउन खोजेको आरोप लगाउनुभयो ।

केही वर्षअघि धोबिघाट गठबन्धनको स्मरण उहाँले भन्नुभयो,'दाहालको कार्यशैलीका विरुद्ध तत्कालिन एमाओवादी उपाध्यक्ष मोहन वैद्यसँग नजिक भएको हो ।' संगठन सुदृढीकरणका लागि धोबिघाट गठबन्धन ठीक भएको उहाँको भनाई छ । उहाँले एकलौटी ढंगबाट पार्टी चलाउने र आफ्ना मान्छेलाई मात्र अवसर दिने प्रवृत्ति अध्यक्ष दाहालले दोहोऱ्याएकाले विराटनगर सम्मेलन आफूले बहिष्कार गरेको स्पष्ट पार्नुभयो ।

पार्टीलाई नयाँ ढगबाट विकास गर्न एक वर्षभित्रै विशेष महाधिवेशन गरेर समय अनुसार रुपान्तरणका लागि अन्य क्रान्तिकारी शक्तिलाई एकतावद्ध बनाउनुपर्ने उहाँले बताउनुभयो । युद्धकालकै संरचनाबाट पार्टीलाई अघि बढाउन खोजे एमाओवादीको अस्तित्व संकटमा पर्ने उहाँको भनाइ छ । नयाँ विचार, राजनीतिक कार्यदिशा र पार्टी संगठन सुदृढीकरण गरेर अघि नबढेसम्म समस्याको समाधान हुन नसक्ने उहाँले जिकिर गर्नुभयो ।

संरक्षणको पर्खाइमा 'शिव गुफा'

वालिका रोका/प्यूठान समाचार
पकला, ३० बैशाख ।

पकला-५ जावुनेमा रहेको 'शिव गुफा'को संरक्षण हुन नसक्दा यसको अस्तित्व लोप हुने अवस्थामा पुगेको छ । २०५५ सालदेखि यसको उत्पत्ति भएपनी उचित संरक्षण र व्यवस्थापन गर्न नसकदा यसको अस्तित्व लोप हुने अवस्थामा पुगेको हो । जावुने गाउँदेखि करिब आधा घण्टा दुरीमा पर्ने फर्सपतन ठाउँमा गुफा रहेको छ। गुफाभित्र मादलको मुर्ति, गणेश, शिव, पार्वती, विष्णुको मुर्ति रहेका छन । मादलको मुर्ति बजाएमा आफूले चाहेको मनोकांक्षा पुरा हुने जनविश्वास रही आएको छ । हरेक दिन पुँजाआजा हुने यस ठाउँमा सोमवार र शुक्रवार भक्तजनहरु बढी आउने स्थानीय शेर बहादुर सुनारले बताउनुभयो । हरेक वर्षको शिवरात्रीका दिन मेला लाग्ने समेत उहाँले बताउनुभयो । गुफा संरक्षणका लागि व्यवस्थापन समिती गठन गरेपनि समिति क्रियाशिल नहुँदा यसको संरक्षण हुन नसकेको उहाँको भनाई छ ।

गुफामा गाउँकै अन्दाजी ४५ वर्षिय जालका सुनार पुँजारी रहनुभएको छ । जंगलमा घाँस काट्न जाँदा देवताले छोएर पुँजारी भएको स्थानीय विर बहादुर श्रेष्ठले बताउनुभयो । 'गुफा उत्पत्ति भएदेखि नै उहाँ पुँजारी हुनुहुन्छ ।',उहाँले भन्नुभयो,'यहाँ आउने भक्तजनहरुले उहाँसँग हात हेराउने र पुँजापाठ गर्ने गर्छन ।' यसको संरक्षण गर्न सकेमा आन्तरिक एवं बाह्रय पर्यटकहरुलाई भित्रयाउन सकिने उहाँको विश्वास छ । यस ठाउँमा खानेपानी र बाटो मुख्य समस्या रहेको उहाँले बताउनुभयो । गाउँमा रहेका पुरातात्विक महत्व बोकेका सम्पदाहरुको विकास एवं प्रवर्द्धनमा सरोकारवाला निकायले पहल गर्नुपर्ने उहाँले आग्रह गर्नुभयो ।

गुनासो गर्नुपऱ्यो ?
तु सम्पर्क गर्नुहोस्
०८६-४२०००२

म्याद नाघ्यो रकम असुली भएन

प्रविर ददेल/प्यूठान समाचार
रूकुम, ३० बैशाख ।

कृषि विकास बैंक रुकुम शाखामार्फत प्रवाह गरिएको युवा स्वरोजगार कोषको एक तिहाइ रकम बुझाउने म्याद नाघेको छ । बैंकमार्फत करीब १ करोड रुपैंया प्रवाह गरेको भए पनि ३२ लाख रुपैयाँ कर्जा बुझाउने भाका नाघिसकेको कृषि विकास बैंक शाखा कार्यालय रुकुमका प्रबन्धक कृष्ण ज्ञवालीले बताउनुभयो ।

एक वर्षभित्रै बुझाइसक्नुपर्ने भए तापनि १५ महिना बितिसक्दा समेत कोषको कर्जा असुली हुन सकेको छैन । 'युवा स्वरोजगारको रकम विनाधितो लगानी गर्दा असुली गर्न अप्ठ्यारो परेको छ ।'उहाँले बताउनुभयो,'सबैभन्दा खराब कर्जाका रुपमा युवा स्वरोजगार कोषको रकम रहेको छ ।' ऋणीहरुलाई पटकपटक ताकेता गरे पनि साँवा-ब्याज असुली गर्न कठिन भएको उहाँले बताउनुभयो ।

स्वरोजगार कोषको रकम कर्जा माग गरिएको उद्देश्यविपरित अन्य व्यक्तिगत काममा खर्च गर्दा नियमित साँवा तथा ब्याज नबुझाएको बैंक स्रोतले बताएको छ । कर्जा लिएका युवाले लक्ष्यअनुसारको व्यवसाय गरे/नगरेकोप्रति कृषि विकास बैंक नै अनभिज्ञ छ । बैङकमा जनशक्ति अभावका व्यवसायीको अनुगमन गर्न नसकिएको कार्यालयले बताएको छ । विनाधितो व्यवसाय सञ्चालनका लागि बैंकले प्रवाह गरेको १ करोड रुपैयाँ ९७ जनाले लगेका छन् ।

गर्भावस्थामा कम्तिमा ४ पटक स्वास्थ्य संस्थामा गई गर्भ जाँच गराउनु पर्छ ।
- *जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान*

अत्याधुनिक सुविधा सहित प्रख्यात मेडिकल हल

- २४ सै घण्टा आकस्मीक सेवा । - सादा एक्सरे,भिडियो एक्सरे सेवा ।
- सामान्य सल्यक्रिया । - ओ.पि.डी सेवा ।
- २४ सैं घण्टा फार्मेसी तथा एम्बुलेन्स सेवा । - अत्याधुनिक प्रयोगशाला सेवा ।
- टुटफुट हड्डीहरुको प्लाष्टर सेवा । - परिवार मातृ शिशु तथा संम्पूर्ण खोप सेवा ।
- स्वदेशी औषधीहरुमा ५ प्रतिशत छुटको व्यवस्था

प्रत्येक शनिवार विशेषज्ञ डाक्टरहरुद्वारा विभिन्न रोगको चेक जाँच तथा उपचार गरिने ।

नोट : नाम दर्ता फोनबाट पनि गर्न सकिन्छ । साथै भिडियो एक्सरे गर्नुपर्ने विरामी भएमा खाली पेटमा आउनुहोला ।

प्रख्यात मेडिकल हल
बाङ्गेशाल-६, दरभान प्यूठान
सम्पर्क :९८५७८३३७५२, ९७४७०११४६२

अर्खा-रजवारा पहाडी हाते कागज उद्योग वन्द

सृजना सेन/प्यूठान समाचार
रजवारा, ३० बैशाख ।

दुई वर्षदेखि बन्द भएको 'अर्खा-रजवारा पहाडी हाते काज उद्योग' अझै संचालन भएको छैन् । गाउँका स्थानीय मिलेर ६ वर्षअघि रजवारा-८ मा संचालन गरेको उद्योग तीन वर्षसम्म बन्द अवस्थामा रहेको छ । जनशक्तिको अभाव, उत्पादित कागजले बजार नपाउँदा उद्योग बन्द गर्नुपरेको शेयर सदस्य गोवर्द्धन थापाले बताउनुभयो । १० जनाले प्रतिव्यक्ति १०/१० हजार रुपैंया शेयर रकम उठाएर उद्योग संचालन गरेको उहाँले बताउनुभयो । सुन्दरी सामुदायिक वनको दश हजार र सुर्खेतेर्सेधारा सामुदायिक वनको समेत उद्योगमा पन्ध्र हजार रुपैंया लगानी रहेको छ । उद्योग स्थापनाको झण्डै दुई वर्ष नियमित संचालन भएको हो ।

गाउँमै उद्योग संचालन गरी रोजगारी सृजना गर्ने उद्देश्यले सवै मिलेर उद्योग संचालनमा ल्याएपनि यसले निरन्तरता नपाउँदा निराश हुनुपरेको 'अर्खा-रजवारा पहाडी हाते कागज उद्योग प्रालि'का अध्यक्ष मन बहादुर थापाले गुनासो गर्नुभयो । 'उद्योग संचालनका लागि आवश्यक पर्ने कच्चापदार्थ(लोक्ता) सामुदायिक वनमा प्रशस्त पाइन्छ ।',उहाँले भन्नुभयो,'नियमित संचालन गर्न सकेनौं । अत्याधुनिक प्रविधिबाट उत्पादित कागज बजारमा भित्रिदा प्रतिस्पर्धा गर्न नसक्दा उद्योग बन्द गर्नुपऱ्यो ।'

कागज उत्पादनका लागि सूर्यको प्रकाश आवश्यक पर्ने भएपनी वर्षातको समयमा उद्योग बन्द गर्नुपर्ने बाध्यता रहेको उहाँले बताउनुयो । मंसिर-वैशाखसम्म कागज उत्पादनको लागि समय अनुकुल हुने अध्यक्ष थापाले बताउनुभयो । प्रति १० ग्राम बरावरको दुई सय ताउ कागज १२ सय रुपैयामा बिक्री गर्ने गरेको उहाँले जानकारी दिनुभयो । नेपाली पहाडी हाते कागज सरकारी कामकाजमा प्रयोग गरिनुका साथै गाउँघरमा चिना, टिप्पन, तमसुक र भरपाईका लागि प्रयोग गरिन्छ ।

"न्यून शुल्क, गुणस्तरिय सेवा हाम्रो प्रतिवद्धता"

सिसा, प्लाई, सनमाईका छड, सिमेन्ट, डेर फिटिङ्का सामग्रीहरु, पेन्ट, घरका रेडिमेट ढोकाहरु, पर्दा कार्पेट सुपथ मुल्यमा पाईनुका साथै थोक तथा होलसेल विक्रिवितरण गरिन्छ । साथै, सम्पूर्ण किसिमका हार्डवयर सामाग्री, विभिन्न डिजाईनका लिस्टीहरु तथा फेविकलको होलसेल विक्रि वितरण गरिन्छ ।
१. हाम्रा थप विशेषताहरु : सिसा तथा प्लाईउड डेलिभरीको व्यवस्था छ ।
२. हाम्रा थप विशेषताहरु : हेम डेकोरका सम्पूर्ण सामग्रीहरु पाइन्छ । साथै इलेकट्रोनिक्स सामानहरु पनि पाइन्छ । (जस्तै फ्रिज,टि.भी, एलीडी, पंखामा भारी छुटपनि दिइन्छ ।)
३. हाम्रा थप विशेषताहरु : हरेक पेन्ट्सको खरिदमा ३५ प्रतिशत छुट दिइनुको साथै ७ वर्षको ग्यारेण्टी गरिन्छ ।

ग्राहकको सन्तुष्टी नै हाम्रो चाहाना

प्रो. सुर्यचन्द्र खनाल, व्यवस्थापक : गणपती खनाल
सम्पर्क : ०८६-४६०४८५ मोवाईल : ९८५७८३३८५०, ९८४४९१८५९२, ९८४७९३३८५०
Email : ganapatikhanal@gmail.com
श्री सत्यसाई अर्डर एण्ड सप्लायर्स
गौमुखी विकास बैंकको ठिक अगाडि आफ्नै भवनमा, विजुवार-६ प्यूठान

"सन् २०१७ सम्ममा सरसफाईको आनिवानीमा पूर्णता, प्यूठानबासीको प्रतिवद्धता" - जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति, प्यूठान

प्यूठान समाचार
प्यूठान जिल्लाबाट प्रकाशित पहिलो समाचार मूलक "ख" वर्गको पत्रिका
Pyuthan Samachar Daily राष्ट्रिय दैनिक

कर्म नगरी फल मिल्दैन । – राजर्षि जनक

सम्पादकीय................

दैविकप्रकापमा गम्भिर बनौं

गर्मियामको मौषम छ । खुख्खा र गर्मिलेका कारणले स्वास्थ्यमा गम्भिर असर पार्ने खतरा छ । मौषमका कारण धेरै क्षेत्रहरुमा खानेपानीको समस्या देखिएको छ । पानीको अभाव र दुषित पानीका कारण धेरै रोगहरुले छिट्टै समाउँछ भने यो महामारिको रुपमा समेत फैलन सक्छ । त्यस्तै अहिले दिँनहुँ जसो आगलागीका घटनाहरु समेत आईरहेका छन् । सामान्य गल्तीका कारण हुने आगलागीले ठूलो धनजनको क्षति समेत पुऱ्याइरहेको छ ।

प्यूठानको फोप्लीमा विहे भोजखाँदा तीन दर्जन बढि विरामी परे । उनीहरुलाई रिंगाटा लाग्ने, चक्कर आउने, वाकवाकी हुने जस्ता लक्षणहरु देखिएको थियो । यो गर्मियाममा खानपिनको समस्याबाट उक्त अवस्था श्रृजना भएको हो । एक–अर्कामा यस्ता लक्षणहरु फैलँदै जाँदा गाँऊका अन्यहरु पनि विस्तारै विरामी पर्न थाले । स्थानीय मेडिकल र उपस्वास्थ्य चौकीमा उपचार गराइरहेका विरामीहरुलाई औषधीको अभाव हुँदा उपचारमा समस्या देखिएको छ । यस्ता विरामीहरुमा वा अवस्थामा गम्भिर बन्न नसक्ने हो भने यस प्रकारका विरामीहरुका संख्या बढ्दै जाँदा महामारीको अवस्था समेत श्रृजना हुन सक्छ । त्यस्तै हिजोआज आगलागीका घटनाहरु धेरै ठाँऊमा भैरहेका छन् । जंगलमा हुने आगलागी विस्तार घरवस्तीहरुमा प्रवेश गर्दा ठूलो धनजनको क्षेती हुने गरेको छ । यो मौषमका कारण यस प्रकारका विभिन्न दैविकप्रकोपका घटनाहरु भैनैरहेका छन् ।

घटनाहरु हुन नदिनका लागि समयमै सचेत हुनु आवश्यक छ । सामान्य गल्तिका कारण हुने नराम्रा असरहरुबाट परिणाममा पछुताउनु भन्दा त्यस अघि नै सचेत हुनु जरुरी छ । त्यस्तै भैहाल्ने दैविक प्रकाप उद्धार एवं रोकथामका लागि जिल्लाका सरकारी सञ्जालहरु कमजोर भएको देखिएको छ । यस्ता सञ्जालहरुलाई सकृय र तयारी अवस्था राख्नु अत्यावश्यक छ । सामान्य सिटामोल र गुलकोज औषधीहरु अभावमा विरामीहरुको ज्यान जान सक्ने पनि खतरा हुन सक्छ यसका लागि सरकारी संरचनाहरुका साथै सम्वन्धीत निकायहरु तयारी अवस्थामा हुनुपर्छ । दैविकप्रकाप कुन समय कहाँ हुन्छ भन्न सकिन्न तर यसको रोकथाप र न्यूनिकरणका लागि प्रभावकारी टिम निर्माण गर्न सकिन्छ । यस तर्फ पनि ध्यान दिँऔं ।

एमाले र इमानको राजनीति

प्रा.डा. बद्रीविशाल पोखरेल

'पार्टीका कुनै पनि तहको प्रमुख कार्यकारी पदको जिम्मेवारीमा रहेका व्यक्ति लगातार दुई पटकभन्दा बढी सो पदमा निर्वाचित नहुने व्यवस्था लागु गर्ने ।' ०६५ फागुन ५-१० गतेसम्म रुपन्देहीको बुटबलमा भएको आठौं महाधिवेशनबाट एमाले वरिष्ठ नेता माधव नेपालसहितको सर्वसम्मतिमा पारित पार्टी विधान, अध्याय २६ को 'क' बाट उद्धृत वाक्य ।

कुनै पनि पार्टीको महाधिवेशनको निर्णय त्यस कार्यकालभरी मात्र होइन पछिल्ला दिनमा पनि दूरदर्शी प्रभाव पार्ने पक्ष हो । महाधिवेशनमा एकमना वा बहुमना पारित गरेका विषय,मुद्दा, विधि र विधानको ठूलो अर्थ रहन्छ । पार्टीको प्रमुख नेतृत्व, नेतृत्वपंक्ति र समग्र पार्टीमा इमान्दारिताको विशिष्ट प्रभाव पर्छ । पानी र बानी माथिबाट आउँछ । त्यसैले प्रमुख नेतृत्वतहको इमान, जमान र कमाण्डले समग्र पार्टीमा इमान्दार राजनीतिक धाराको विकास हुनजान्छ ।

आफैंमा र आफ्नो पार्टीमा इमान नदेखाउनेले कहीं पनि इमान जमान देखाउन सक्तैन । यस्ता व्यक्तिले इमानलाई पोलेर खान्छन् । लोकतान्त्रिक गणतन्त्रकालमा प्रमुख पार्टीका प्रमुख नेतामा इमान नभएपछि देशव्यापी इमानको जग बस्दैन । तर जबजले इमानी, जमानी तथा उन्नत राजनीतिक संस्कार र संस्कृतिलाई आत्मसात् गरेको छ ।

जननेता मदन भण्डारीको विशिष्ट पहिचान राजनैतिक इमान हो । उनले पार्टीभित्र र बाहिर पनि इमानी राजनीतिलाई सर्वोपरि राखे । उनी सिद्धान्तमा खरो तर व्यवहारमा लचिलो भूमिकामा रहन्थे । अहिले नयाँ नेपालका नाममा उठिरहेका क्षतिपूर्तिको जस्तो सिद्धान्तको जामा उनले पहिरेका थिएनन् । उनी विगत र परापूर्वकालमा जे जस्ता उँचनिच भए, तिनलाई अनावश्यक रुपमा बल्झाएर अग्रगमनको बाटो छेक्न चाहँदैनथिए । पार्टी भित्रैका घुसघुसे, ठुसठुसे र खुसखुसे केही सहयोद्धाका प्रत्यक्ष वा परोक्ष मानमर्दन, आरोप र फतुरको अति भएपछिमात्र शालीनतापूर्वक जवाफ दिन्थे तर उनको त्यो शिष्ट बोलीले पनि तिनलाई भतभती पोल्थ्यो ।

उनी पार्टीमा विचार र सिद्धान्तलाई सर्वोपरि राख्थे । उनी सही विचार र सिद्धान्तले सही दिशा, दृष्टि र दायरा निर्माण गर्छ भन्नेमा पुरा विश्वस्त थिए । उनको सही विचारले पार्टी निर्माण, विकास र विस्तारमा सबैभन्दा प्रभावकारी भूमिका निर्वाह गर्ने गएको हो । सार्वजनिन तथा सार्वकालिक मान्यतामा गम्भीर अडान राख्थे । उनी विचारकै बलमा सबैखालका आश, त्रास र बताससँग जुध्ने महान् शक्ति हुन्छ भन्ने कुरामा विश्वस्त थिए । उनको सही विचार र उपयुक्त आत्मविश्वासका बलमा एमालेको दरिलो आधार निर्माण हुन गएको हो । अहिले लुर नहुनेहरु सामूहिक नेतृत्वका आडमा प्रथम व्यक्तित्व हुँदा र हुने आकांक्षा राख्दै गरेको पूर्वसन्ध्यामा आफ्नो कम योग्यतालाई समूहको लेपन लगाएर चोखिन खोजिरहेको देख्दा तीनछक्क परिन्छ । यस्ता मानवपार्टीमा प्रमुख नेतृत्वको नेतृत्वगत उचाइलाई नबुझेर या बुझेर पनि तदनुसारको ल्याकतको अभावमा सहकर्मी साथीलाई भए जतिको सबै दोष भिराएर आफू असल हुनखोज्ने नाटक गरिरहेको देखिन्छ । तर नाटक केही दिनपछि फाटक हुन्छ । पाचौं महाधिवेशनको तयारीदेखि नै मदन भण्डारीका तीनवटा विरोधी विचारसमूहले एकै झट्कामा धावा बोलेका थिए । तथापि विचारका बलवान् हस्ती भण्डारी टसको मस भएनन् । मदन भण्डारीले जबजमा छलछाम, छद्मभेषी र छक्का पन्जाको राजनीतिलाई तिरस्कार गरेका छन् । उनी प्रायजसो जिब्रो चपाएर, दोचारे र दोधारे कुरा कथेर देश र जनतालाई भ्रमीत पार्ने काम गर्दैनथे । भण्डारीले पार्टीभित्रै पनि गोटीचाल, उचाल पछार राजनीति गरेनन् । कतिपय नेतालाई उनको यो पारदर्शी व्यवहार मन पर्दैनथ्यो । उनी आफू सहमत नभएका पार्टी निर्णयहरु दृढताका साथ समर्थन गर्थे । तर उनको षणयन्त्रपूर्वक हत्यापश्चात् मदन र जबजको यो उन्नत जनवादी राजनीतिक इमानमा खिया लाग्न थालेको स्पष्ट जानकारी नवौं महाधिवेशनको पूर्वसन्ध्यामा एमाले वरिष्ठ नेता माधव नेपालबाट भएको छ । माधव नेपालले आफ्ना विचारसमूहका भनिएका एमाले युवा नेतालाई समेत साथ लिएर आठौं महाधिवेशनमा आफैँले ल्याप्चे लगाएको पार्टी विधानलाई बलपूर्वक मिच्न लागेको देखिन्छ । तर यसको दूरगामी असर बारे उनले सोँचेका पनि छैनन् । जान्दा एक चोर, सय चोर र लाख चोरमा केही फरक हुँदैन । बिस्टा थोरै होस् वा धेरै होस्, त्यो दुर्गन्धित नै हुन्छ ।

सानो होस् वा ठूलो अनुशासनको उल्लंघन क्षमा हुँदैन, हुनसक्तैन । फलामे अनुशासनको दुहाइ दिने नेताको अनुशासन देखेर भोगेर मात्र थाहा पाइयो । आफ्ना अयोग्य भाइलाई खोजी खोजी राजदूत र सर्वोच्चका न्यायाधीश बनाउने नेताले पार्टी र मुलुकको वृहत्तर हित गर्ला भन्नै सकिन्न, गर्ने कुरा त परै जाओस् ।

जबजमा विचारको नाटकीय बहस गर्नेले जबज र मदनको बेसारे गीत गाउनु बेकार देखिन्छ । यसरी पार्टीको वरिष्ठ नेता भएका दुई कार्यकाल पार्टी प्रमुख भएका प्रधानमन्त्री भएका माधव नेपालले दिनदहाडै खुलेआम अनुशासन उल्लंघन गरेपछि त्यसको असर पार्टी जीवनमा के कस्तो पर्छ नेपालले सोँचेका छन् ?

उनलाई त पार्टी र जबज जे सुकै होस् तेस्रो कार्यकाल पार्टी प्रमुख भए पुग्यो । नेपालसँग यो लेखकको फोनमार्फत् गफ भएको छ । अलि खरो सुझाव दिएपछि उनले मेरो सारा बेलिविस्तार माग गरेका थिए । मलाई दोचारे बेसारे कुरा गरेर केही हात पार्नु थिएन । त्यसैले जबज र जननेता मदन भण्डारी संस्कृति संरक्षणको एउटै स्वार्थमा केन्द्रित भएकाले आफूलाई सत्यतथ्य कुरा बताउनु थियो । अनि फेरि कुनै प्रसंगमा नेपाललाई अझ कडा एसएमएस गरेपछि उनको उक्त फोन बन्द भएको छ ।

साँच्चै जबज पक्षधर कुनै इमानी नेता, कार्यकर्ता र बुद्धिजीवि छन् भने कुनै पनि नेताको कमजोरी माथि आदरपूर्वक तर निर्ममताका साथ घर्षण गरेदेखि यी नेता सजिलै तह लाग्छन् । तर अझै पनि कतिपय नेता, कार्यकर्ता र बुद्धिजिवीमा सामन्तवादी सांस्कृतिक तुस पलेँटी मारेर बसेको पाइन्छ ।

ए, बाबा चाकडी नै गरेर केही प्राप्त गर्ने भए हिजो राणा शासन, पञ्चायत, शाही शासन थियो नि मजाले खाए भैहाल्थ्यो । अनि एकपेट खान पनि अमुक कम्युनिष्ट पार्टी र नेताको चाकडी गर्ने हो भने यो मानवजुनी बेकार छ । काग र कुकुरले पनि खाएकै छन् नि ! तसर्थ इमानको राजनीतिलाई बढावा दिने हो भने यसमा जुनसुकै विचार, मान्यता, पार्टीमा आबद्ध सचेत नागरिकले देशका प्रमुख पार्टीका महाधिवेशनलाई बहुतै होसियारीका साथ निर्क्योल गर्नुपर्छ ।

एमाले, नेपाली कांग्रेस र माओवादीजस्ता प्रमुख पार्टीको सही वा गलत भूमिकाले यो मुलुकलाई बहुतै गम्भीर प्रभाव पार्छ । यो कुरालाई अत्यन्त गहनताका साथ पगलेर सही सूचना, सञ्चार र प्रचार गर्नु राज्यको चौथो अंगको अहिलेको अहम् सबाल हो । एकपल्ट कमी कमजोरी गरे पनि अमुक व्यक्ति कुनै बेला सही सबित पनि हुन्छ । अनि अमुक नेता कुनै कालखण्डमा सही देखिए पनि गलतमात्र होइन निकै गलत पनि हुनसक्छ ।

बिग्रनेमा प्राय औसर पाउने नै देखिए । रायमाझी महासचिव हुँदै दरवारको टाट्नातिर लहसिए । आरके पार्टीको माथिल्लोतहमा भएकाले निकै महंगो मोलमा बिके । उनी दरवारको टाट्नाको कलिलो घाँस खान गएकै हुन् । नेपालले गुनिलो साथी ओलीलाई बोलीपिच्छे घोचपेच गरेकै छन् । बैशाख १४ गते एक टीभी कार्यक्रममा कसैले ओच्छयानमा बसेर अध्यक्षको घोषणा गरेका छन् भनेर व्यंग्य गरेका थिए । उनका सहयोगी भूसालमार्फत् ओलीलाई 'सेनटिमेन्टल ब्ल्याकमेकिङ' गर्ने भनेर खुलेआम भन्न लगाए । विचार समूहको नेता भएपछि मुखियाले जवाफदेहिता लिनुपर्छ । भन्न त हिजोका दिनमा पाँचौ महाधिवेशनको पूर्वसन्ध्यामा मदन भण्डारीलाई विचारमा टक्कर दिन नसकेपछि उनलाई धन्धुकारी भन्ने नेता अहिले पनि बाँचिरहेका छन् । त्यही महाधिवेशनको उद्घाटन समारोहमा पार्टी प्रमुख रहेका भण्डारीलाई पाँच मिनेट सम्बोधन गर्न पनि दिएनन् । बरु आदरणीय नेता झलनाथ खनालले यो अन्यौल र संकटका घडीमा अत्यन्त शालीन, सौम्य, उदार तथा अभिभावकीय व्यवहार देखाएका छन् ।

विचार, सिद्धान्त, सिर्जना र संगठनका दृष्टिले एमाले मुलुकको पत्यारिलो पार्टी बनेको छ । यसले नौमहिने सरकार तथा स्थानीय सरकार राम्ररी परिचालन गरेर जनताको विश्वास अरु जितेको छ । तर, यस पार्टीमा नेपालको आगमनपछि विचार, सिद्धान्त र व्यवहारमा खिया पर्न थालेको रहेछ । यसमा लागेको खिया नेपालकै पदलोलुप प्रवृत्तिबाट अवगत भयो । नेपालले आफ्नो उचाइ आफैं घटाउँदैछन् ।

प्रायोजित समूह एक एक गरेर डुब्न लागेको जहाजबाट भागेका मुसाजस्तै बेपत्ता भएपछि नेपालको चेत फिर्ला । तर, अहिलेसम्मको पार्टी नेतृत्वको सहज हस्तान्तरण सम्पूर्ण भूमिका निर्वाह गरिरहेका खनालको उचाइ निकै अग्लिएको छ । अब एमालेको एउटै समस्या भनेको एक भन्दा एक क्षमतावान् नेतालाई क्रमशः सहजरुपमा नेतृत्व हस्तान्तरण गर्ने कुरामै अड्किएको छ । यसमा नवौं महाधिवेशन सम्पन्न हुन्जेलसम्म खनालको अडान यथावत् रहेर नेतृत्वको हस्तान्तरण भए एमालेले निर्विदतापूर्वक पार्टी र देशको अग्रगतिमा

बाँकी ४ पेजमा

न्यायमुर्ति माथी अन्याय

लक्ष्मण गाम्नागे

सर्वोच्च अदालतको न्यायाधीश पदका लागि कांग्रेस, एमाले र एमाओवादीले निकै मुस्किलले भागबन्डा मिलाएर नामावली पठाएपछि न्याय परिषद्ले आँखा चिम्लेर ती नाम सिफारिसि गऱ्यो र संसदीय सुनुवाइका लागि पठायो । सर्वोच्च अदालतमा थान्को लागेका हजारौं मुद्धा अब भने फटाफट किनारा लाग्ने भए भन्ठानेको, सिफारिसि भएका नामहरुमाथि चाङका चाङ उजुरी परेर बबन्डर मच्चियो ।

नेपाल बार, कर्मचारी संगठनहरु, वकिलहरु, पूर्वन्यायाधीशहरु मात्र होइन, न्याय परिषद्कै सदस्य पनि आफ्नै सिफारसिविरुद्ध उत्रिए । न्याय परिषद्का एक सदस्यले यो सिफारसिले आफ्नो शिर नै झुकेको कुरा बताए । परिषद्का बाँकी सदस्यको शिर ठाडै छ । भागबन्डा गर्ने नेताहरुको शिर झन् ठाडो छ । सिफारसिमा परेकाहरु त्यत्रा उजुरीले थिचिँदा पनि ठिङगि्रङग शिर ठड्याइरहेका छन् । यस्ता ठाड्ठाडा शिरका सामुन्ने किन शिर झुकाउनुपऱ्यो श्रीमानले ?

बार एसोसिएसनहरुको विरोध र खेद प्रस्ताव अनावश्यक बखेडा मात्र होइन, निन्दनीय पनि छ । न्यायाधीशका लागि सिफारसिमा परेका नामहरु अत्यन्त योग्य र सक्षम छन् । हाम्रा स्कुल, हाम्रो शिक्षा, हाम्रो समाज, हाम्रो परम्परा, हाम्रा नेता, हाम्रा राजनीतिक दल, हाम्रो संसद्, हाम्रा सभासद्, हाम्रो सरकार, हाम्रो प्रशासन, हाम्रो न्यायालय इत्यादिका आधारमा यो सिफारसि सर्वोत्कृष्ट छ । यीभन्दा योग्य र सक्षम न्यायाधीश दिउँसै बत्ती बालेर खोजे पनि पाइने छैन । सिफारसिविरुद्ध जति धेरै उजुरी परेका छन्, त्यति नै उनीहरु योग्य हुन् भन्ने हामीले बुझ्नुपर्छ । नेपाल बारले बिचरा न्यायाधीहरुलाई गरखिान नदिने षड्यन्त्र गरेको मात्र हो । शत्रु लाग्नु भनेको यही हो ।

उजुरीकर्ताहरुले उजुरीमा उल्लेख गरेका बुँदाहरुकै आधारमा सिफारसिमा परेका न्यायाधीशहरु कति योग्य र सक्षम छन् भन्ने कुरा प्रस्ट थाहा हुन्छ । संसदीय सुनुवाइ समितिमा उजुरीकर्ताहरुले जाबो दुई दर्जनभन्दा पनि कम मात्र उजुरी हालेका रहेछन् । उजुरी गर्नेहरुले ती न्यायाधीशलाई असक्षम, अयोग्य, बदनाम, चरत्रिहीन, ढोंगी, अनैतिक इत्यादि अनेक झीनामसिना फत्तुर लगाएका रहेछन् । न्यायाधीशहरुले घूस खाएको, अपराधीहरुलाई उन्मुक्ति दिएको, बहुविवाह गरेको, अकुत सम्पत्ती आर्जन गरेको, कर छलेको, सरकारलाई ठगेको जस्ता ठूला मान्छेहरुलाई लाग्ने गरेका सामान्य आक्षेप लगाएका रहेछन् । बाँकी के के आरोप लगाइएको छ, थाहा भएन । हदै भए बलात्कारका घटनामा संलग्न भएको, बाल श्रम शोषण वा यौन दूराचार गरेको, बराबर मादक पदार्थ सेवन गरी बेन्चमा बसेको, जुवा खेले वा खेलाएको, विदेशी नागरकिता लिएको, अंश मुद्धामा आफैँलाई जिताएर बाबुआमा वा दाजुभाइलाई पाटीको बास गराएको, नक्कली सटिफिर्केट पेस गरेर बढुवा भएको, श्रीमतीलाई कुटपिट गरेको इत्यादि योग्यतालाई नै अयोग्यताको प्रमाणका रुपमा पेस गरेर उजुरी हालिएको होला ।

यस्ता खान्दानी योग्यता भएका न्यायाधीशले बीसौं वर्षदेखि आजसम्म तल्ला अदालतहरुमा न्यायमूति भएर बिताएछन् भन्ने कुरा हामीले बुझ्यौं । यत्रा वर्षसम्म उनीहरु योग्य भएछन् । उनीहरुमाथि उजुरी परेनछ, मुद्धा लागेनछ, जागिर गएनछ । सर्वोच्चका लागि मात्र कसरी असक्षम भए, कुरा रहस्यमय छ । यस्ता पाङदुरे कुरा उठाएर मुखमा आएको बढुवा खान नदिनु न्यायमूतिहरुमाथिको घोर अन्याय हो । न्यायाधीश नै अन्यायमा परे भने हामीजस्ता सर्वसाधारणको के गति होला ? अतः सक्षम दलहरुको भागबन्डामा सक्षम न्यायपरिषद्ले गरेको उत्कृष्ट सिफारसिको विरोध नगरौं । आँखा चिम्लेर चुपचाप बसौं ।-नेपालबाट

पढाउने कि बच्चा पाउने ?

डा. मन प्रसाद वाग्ले

भर्खर बिहे भएकी एकजना मेरा छिमेककी युवतीले स्नातकोत्तरसम्म पढेकी छन् । उमेरले २६ वर्ष काटेकी उनी पतिको जागिरबाट मात्र घर नचल्ने भएकोले कामको खोजीमा भौंतारिइन् । उनले एउटा मन्टेसरी तहमा शिक्षण गर्ने विज्ञापन पढिन् । आवेदन गरिन् । अंग्रेजी राम्रै भएकोले अन्तर्वार्ता दिने मौका पनि पाइन् । अन्तवार्ता दिएर आएपछि उनी खुसी देखिइनन् । 'किन के भयो र ? अन्तर्वार्ता बिग्रियो', उनका आफन्तले सोधे । उनले भनिन्, 'हैन ठिकै भएको छ ।' मन्टेसरी सञ्चालकले उनलाई एक हप्ता समय दिएको रहेछ, विचार गर्न । उसको सर्त रहेछ, '५ वर्षसम्म बच्चा नजन्माउने भए तिम्रो जागिर पक्का ।'

यसले उनमा नचाहिँदो मानसिक दबाब परेको रहेछ । आफ्ना नजिकैकाहरुलाई पनि यो कुरा कसरी भन्ने भनेर उनले अप्ठेरो महसुस गर्नु स्वाभाविकै थियो । उनले यो कुरा आफ्ना पतिलाई पनि भनेकी रहिनछन् । तर आफ्नो कलेज पढ्दा एकदमै मिल्ने साथीलाई भनेकी रहिछन् । पछि घरमा थाहा भयो र निकै छलफल भयो । एक हप्ता नाघिसकेकोले स्कुलबाट फोन आउन थाल्यो, 'तपाईंको निर्णय के हो ? नभए हामी अर्कै विकल्प रोज्छौं ।' अन्त्यमा घरमा पतिको समेत सल्लाहमा उनले यस्तो जवाफ फर्काइन्, 'तपाईंहरु मानवीय संवेदनाहीन प्राणी हुनुहुँदो रहेछ, प्राकृतिक न्यायको सिद्धान्तमा विश्वास गर्नुहुँदो रहेनछ, वैवाहिक जीवनलाई खिल्लीमा उडाउने अखडा बन्नुभएछ, त्यस्तो विद्यालयमा विद्यार्थीलाई के नै पो सिकाउन सक्नुभएको होला र ? त्यसैले म तपाईंको स्कुलको जागिर खान्न ।'

टोलमा यस्तो कुरा भइरहँदा छिमेकमा चर्चा चल्नु स्वाभाविक थियो । त्यस मध्येमा म पनि एउटा थिएँ । मैले मनमनै सोचेँ, यस्तो पनि हुन्छ र ? मैले ती युवतीसँग यसबारे कुरा गर्न चाहेँ, उनका पति मेरा मित्र भएकाले सँगै चिया पिएर कुरा सुरु गरियो । उनी अझै आक्रामक देखिन्थिन्, 'जसले जे गरे पनि हुने, एउटा विवाहित नारीले बच्चा पाउन पनि अब स्वीकृति लिनुपर्ने ?' उनले अगाडि भनिन्, 'मेरा साथीहरुले यस्तो कुरा मलाई पहिले नै बताएका थिए, तर मैले पत्याएको थिइन, तर आज आफैंलाई पर्दा पो महसुस भयो ।'

मैले उनका साथीहरुले भोगेका पीडा जान्ने उत्सुकता जाहेर गरेँ । एक हप्तापछि उनकै घरमा हामी फेरि जम्मा भयौं र यो मुद्धाको उठान गर्‍यौं । उनका साथीमध्ये एउटीले भनिन्, 'पोहोर साल छोरी जन्मेपछि मैले पढाउने निजी विद्यालयले अब तपाई आराम गर्नुस् मिस, तपाईंको सट्टा हामी अर्कै शिक्षक खोज्छौं भने ।' उनले प्रतिवाद गर्ने ठाउँ थिएन, किनभने उनी काम लिन सकुन्जेलको एउटी शोषित शिक्षक थिइन् । सरकारी नियमले पनि सुत्केरी विदा २ महिना दिन्छ र २ महिनामा उनीहरु घर व्यवस्था मिलाएर अफिस जान थाल्छन् । महिला भएकै कारण यो मानवअधिकारबाट बञ्चित हुनपुगेकोमा उनीहरु आक्रोशित छन् ।

उपस्थित अर्की युवतीले भनिन्, 'मैले त्यो स्कुलमा पढाएको ५ वर्ष भयो, विद्यार्थीले पनि मनपराएकै थिए । प्रशासनले पनि तपाइहरुको शिक्षण राम्रो छ मिस भनेकै थियो । तर बच्चा जन्मेपछि भने उनीहरुले एक त विदा पनि दिएनन्, बरु उल्टो स्कुल नआउन संकेत दिनथाले । त्यसैले म अहिले बेरोजगार छु ।' अर्की युवतीको पीडा अझ भयानक छ, उनले थपिन्, 'मेरा कथा त तपाईंहरुको भन्दा फरक हो, मलाई अविवाहित नै रहिरहने वा निश्चित केही वर्ष बिहे गर्दिन भन्ने कबुल गरेमात्र शिक्षकमा नियुक्ति दिने कुरा गरे, मैले मञ्जुर गरिन र अहिले बेरोजगार नै छु ।'

यहाँ कुरा निजी विद्यालयको मनपर्दो नीतिको मात्र होइन, यस्तो परिस्थितिमा पनि उपसथिति नदेखाउने लाचार शिक्षा मन्त्रालयको पनि हो । प्रश्न के हो भने निजी क्षेत्रमा सञ्चालित विद्यालयहरुलाई जे गर्दा पनि छुट दिने हो ? उनलाई मनपरे राख्ने मन नपरे निकाल्ने गरी शिक्षकलाई कमारो बनाएको हो ? के उनीहरुको प्रशासन र व्यवस्थापन राणाकालीन प्रधानमन्त्रीजस्तो हुकुमीमात्र हुन्छ ? खोइ इस्टु नामको संस्था कता गयो ? शिक्षकको हकहितका लागि भनी निजी विद्यालयहरुमा काम गर्ने शिक्षकहरुको संगठनले हुन त सरकारीसरह निजीमा काम गर्नेको पनि न्युनतम तलब दिलाउन सफल भएको छैन भने यी कुरासम्म पुग्न समय धेरै लाग्ला । केही अपवादलाई छोडेर निजी विद्यालयमा काम गर्ने शिक्षकको न न्युनतम तलबको सुनिश्चितता छ, न सञ्चयकोष, न उपदान, न स्वास्थ्य बिमा, न औषधोपचार खर्च, कुनै पनि प्रकारले सुरक्षित छैनन्, उनीहरु । कुन दिन जागिर हिँड्ने हो पत्तो छैन । अह्राएको गर्ने, दोहोरो बोल्न नहुने, सधैं थर्कमान भइरहनुपर्ने बाध्यतामा पिल्सिएका यस्ता शिक्षकहरुको सिर्जनात्मकतामा नै ह्रास नआउला भन्न सकिन्न । यसरी मानसिक दबाब खेप्न बाध्य शिक्षकहरुको तर्फबाट वकालत गर्ने कसले ?

के प्रसूति हुँदैमा जागिरबाट निकाल्नुपर्छ ? आफ्नै स्कुलमा काम गरेर योगदान दिएका शिक्षकलाई केही सहुलियत दिन सकिन्न ? नर्सरी, मन्टेसरी चलाउनेहरुले ती शिक्षिकाकै बच्चा पनि दिवा स्याहार कार्यक्रम बनाएर स्कुलभित्रै व्यवस्थापन गर्न सकिन्न ? बरु त्यसो गरेबापत केही प्रतिशत तलब कटाए पनि फरक पर्दैन । तर घर खर्चसमेत धान्न मुस्किल नेपालीहरुको घाउमा नुन छर्कने काम गर्नु सरासर मानवता विरोधी कार्य हो । विवाह बन्धनमा बाँधिनु र वंश वृद्धिका लागि सन्तानोत्पादन गर्नु प्राकृतिक न्याय हो । विडम्बना त के छ भने महिला प्रिन्सिपल भएका त्यस्ता विद्यालयहरुले पनि 'बच्चा जन्माउने कि जागिर खाने' भनेर अन्तवार्ता गर्दारहेछन् ।

संसारका धेरै मुलुकमा खासगरी विकसित मुलुकहरुको परम्परा हेर्ने हो भने बच्चा गर्भमा छ भन्ने सूचना सम्बन्धित शिक्षकले प्रशासनलाई दिइसकेपछि उक्त गर्भवती शिक्षकको सुरक्षाको जिम्मा प्रशासनले लिनुपर्छ । प्रशासनले गर्भवती शिक्षक र हुनेवाला बच्चाको सुरक्षाका लागि सरकारले दिएका हरेक निर्देशनहरु पालना गर्नुपर्ने हुन्छ । गर्भवती भएकी शिक्षकलाई डाक्टर जाँच गर्न र सल्लाह सेवाका कक्षाहरु लिन विद्यालयले समय मिलाइदिन्छ । गर्भ रहेको हप्तादेखि गणना गरेर विशेष सावधानी अपनाउनुपर्ने हप्ताहरुमा शिक्षकको कार्यभार घटाइन्छ, उनीहरुलाई कक्षामा आवश्यक पर्दा थप सहयोगी उपलब्ध गराइन्छ । तर पनि तलब कटाउने वा निरुत्साहित पार्ने काम गरिँदैन । कतिपय युरोपेली मुलुकहरुमा ६ महिनासम्म तलबी सुत्केरी विदा पाउने नियम छ भने त्यसपछि अर्को ४ महिना बेतलबी बस्न सक्ने सुविधा छ । उनीहरुको जागिर त्यतिन्जेल सुनिश्चित मानिन्छ । कतिपय मुलुकमा बच्चाको जन्मपश्चात रेखदेख र विकासका लागि निश्चित रकम उपलब्ध गराइन्छ, ताकि रकमको अभावमा बच्चाको विकासमा बाधा नपुगोस् । तर हाम्रोमा भने भएको जागिर पनि खुस्कने डरमा बाँच्न बाध्य गर्भवती शिक्षकहरुको बारेमा न सरकारी नीतिले निजी विद्यालयलाई बाँध्नसकेको छ, नत निजी विद्यालयहरुको यो हर्कतलाई नियमन गर्ने काम नै हुनसकेको छ ।

मैले यस मुद्धालाई निजी विद्यालयका केही सञ्चालकसँग पनि उठान गरेँ । उपत्यकाको एउटा नाम चलेको र करिब ४ हजारको हाराहारीमा विद्यार्थी भएको एउटा प्रिन्सिपलले आफ्नो दुःखेसो यसरी पोखे, 'हाम्रोमा ६० जना महिला शिक्षक छन्, जो ३० वर्ष मुनिका छन् । गर्भवती हुने शिक्षक कहिले त एकैपटक ३-४ जना पनि हुन्छन् । हामीले तलब नदिने वा निकाल्ने भनेका छैनौं । बरु दोस्रो सन्तान अलि ढिलागरी पाउन सुझाव दिएका छौं । एक महिना सुत्केरी विदा दिन्छौं, उनीहरुको सट्टा अर्को शिक्षक राख्नैपर्‍यो । एक महिनापछि पनि शिक्षक नआए तलब काटेर अर्को शिक्षक नियुक्त गर्नु हाम्रो बाध्यता हो ।'

एउटा मन्टेसरी स्कुलकै प्रिन्सिपलसँग जिज्ञासा राख्दा उनले यस्तो उत्तर दिइन्, 'तपाईंलाई थाहै छ, मन्टेसरीमा एकपटक शिक्षकसँग राम्रो घुलमिल भइसकेपछि बच्चाहरु निकै रमाउँछन् । बीचैमा कोही शिक्षक विदा बस्दा वा लामो समय अनुपस्थित हुँदा ती बच्चाहरुको रेखदेख र विकासमा पक्कै असर पर्छ । हामीले प्रायः महिला नै शिक्षकमा रोज्छौं । त्यसैले हामीले केही वर्ष लामो विदा नलिने महिलाहरु खोज्नु अस्वाभाविक हैन ।'

यी दुई अभिव्यक्तिलाई विश्लेषण गर्दा गर्भवती हुनु भनेको निजी विद्यालयका शिक्षकका लागि आफ्नो जागिर दाउमा लगाउनु हो भन्ने कुरा प्रस्टै बुझिन्छ । आफ्नो पारिवारिक जीवनलाई तिलाञ्जली दिई कतिन्जेल यस्ता संस्थाहरुको चाकरी गरिरहने ? नखाउँ भने दिनभरिको सिकार, खाउँ भने कान्छा बाबुको अनुहार यहाँ' चरितार्थ भएको छ । यसको समाधान निजी क्षेत्रका शिक्षण संस्था र सरकारले मिलेर निर्क्योल गर्नु जरुरी छ । सरकारले शिक्षा नियमावलीमार्फत लागू गरेको प्रावधानहरुलाई निजी क्षेत्रले नमान्ने हो भने उनीहरुको अराजकतामाथि निगरानी गर्न मन्त्रालयले छिट्टै अर्को विकल्प सार्वजनिक गर्नुपर्ने हुन्छ । चाहे करारमा हुन् वा अस्थायी, शिक्षकले पाउने मानवीय सुविधाबाट कोही पनि बञ्चित गराइनु हुँदैन ।-इकान्तिपुरबाट

स्थानीय निकायको पुनःसंरचना

डम्वरजंग डाँगी

मन्त्रिपरिषदको गत विहीबार (वैशाख २५ गते) को बैठकले ७२ वटा नगरपालिका थप्ने निर्णय गरेको छ । अब नगरपालिकाको संख्या १३० पुगेको छ । वि.सं. २०५३ सालमा २२ वटा थपेर ५८ वटा पुर्‍याइएको नगरपालिका संख्यालाई २०५८ सालमा नयाँ ४१ वटा पुर्‍याउने तयारी थियो तर राजनीतिक विवादका कारण घोषणा हुनसकेन र फेरि अर्को समितिले २०६९ मा ७६ वटा थप्ने सुझाव दियो । त्यो सिफारिस मन्त्रिपरिषद्मा पुगेर अड्कियो । लामो प्रयासपछि सरकार नयाँ नगरपालिका घोषणा गर्न सफल भएको छ । बढ्दो जनसंख्या, भौतिक पूर्वाधारमा भएको विकास आदि कुराले केही नगरोन्मुख गाविसलाई नगरपालिकामा पुनःसंगठित गर्नुपर्ने आवश्यकता धेरै पहिले नै महसुस गरिएको थियो तर समयमा काम हुन सकेन र अहिले नयाँ नगरपालिका घोषणा गर्ने काम भएको छ तरसमय उपयुक्त देखिंदैन । यसले केही प्रश्न उब्जाएको छ । मुलुक पुनःसंरचनामा अग्रसर भइरहेका बेला गरिएको नयाँ नगरपालिका थप गर्ने कार्यको औचित्य के हो ? समग्र स्थानीय निकायलाई नै पुनःसंरचना गर्नुपर्ने घडीमा नयाँ नगरपालिकाको प्रशासनिक क्षमता विकासमा गरिने खर्चको उपलब्धि के ?

वि.सं. २०६७/६८ को बजेटमा थपिने नगरपालिकाको पूर्वाधार विकासका लागि ४१ करोड रुपियाँ छुट्याएको थियो । त्यही हिसाबमा पनि अब एक अर्ब रुपियाँजति नयाँ घोषणा गरिएका नगरपालिकाको भवन, टेबल कुर्सीलगायतका काममा खर्च गर्नुपर्ने हुनसक्छ । खरदार वा नासुले चलाई रहेका गाविस नगरपालिका भएपछि शाखा अधिकृत वा उपसचिवको नेतृत्वमा त्यसै अनुरुपको कर्मचारी चाहिन्छ । यी सबै पूर्वाधार तत्काल निर्माण हुन पनि सक्दैनन् । अर्कोतिर अहिलेकै हिसाबमा प्रतिनगरपालिका सरकारले ३० लाख रुपियाँ न्यूनतम अनुदानको व्यवस्था गर्नुपर्छ । यसमध्ये केही अनुदान विकासलगायतका कामका लागि दिइने भएकाले त्यसैअनुरुप काम भए त ठीकै हुन्थ्यो तर नयाँ नगरपालिकाको क्षमता विकास भइनसक्ने भएकाले त्यो अनुदानको पनि राम्रो उपयोग हुनसक्ने अवस्था हुँदैन । अर्कोतिर, क्षमता विकास नभइसकेकाले ती नगरपालिकाले आन्तरिक राजस्व परिचालन गर्नसक्ने कुरै भएन ।

जनप्रतिनिधिविहीन अवस्थामा लामो समयदेखि स्थानीय निकायको गतिविधि सन्तोषजनक छैन । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले दिएका अधिकारहरु समेत लागू भइरहेका छैनन् । समग्र नगरपालिकाको कूल आम्दानीमा आफ्नै स्रोतको आम्दानी २० प्रतिशतमात्रै छ । जुन प्रत्येक वर्षजसो घट्दै गएको छ । एक आर्थिक वर्षमा एक करोड रुपियाँ आफ्नै स्रोतबाट आम्दानी गर्न नसक्ने नगरपालिका पनि छन् । कुल खर्चको दुईतिहाई प्रशासनिक खर्च गरेर एक तिहाई मात्रै विकास निर्माणमा खर्च गर्ने नगरपालिका पनि छन् । झण्डै एक चौथाई नगरपालिकाले आफ्नो प्रशासनिक खर्चका लागि सरकारको अनुदानमा भर पर्नुपर्छ । सरकारले नयाँ नगरपालिकाको घोषणा त्यसबेला गरेको छ जुन बेला नगरपालिकाको मापदण्ड र संरचनामै परिवर्तन गर्नुपर्ने महसुस हुन थालेको छ । कतिपय नगरपालिकाले अहिलेको संरचना र क्षेत्र विकासका लागि बाधक भएको महसुस गरिरहेका छन् । यो कुराको महसुस स्वयं संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले नै गरिरहेको देखिन्छ । मन्त्रालयले स्थानीय स्वायत्त शासन ऐनका प्रावधान सहरी विकासका लागि उपयुक्त भएनन् भनेर काठमाडौं महानगरपालिका ऐन ल्याउने तयारीमा छ । मेट्रो मोडेलको पनि चर्चा चलिरहेको छ । काठमाडौं उपत्यका विकास प्राधिकरण नयाँ अवधारणामा काम गरिरहेको छ । पूरै काठमाडौं उपत्यकालाई एउटै महानगरपालिका बनाउने अवधारणा पनि छन् । हेटौंडा उपमहानगरपालिका बृहत्तर हेटौंडाको अवधारणा लिएर अगाडि बढिरहेको छ जस अन्तर्गत आसपासका गाविसका भूभाग मिलाएर महानगरपालिका बन्ने उद्देश्य लिएको छ ।

मुलुक अहिले नयाँ संविधान निर्माण र संघीय स्वरुपमा पुनःसरचनाको सँघारमा छ । सबै कुरा यथावत् रहे, अबका सात महिनामा संघीय संविधान लागू हुन्छ र मुलुकमा प्रान्तहरु बन्ने छन् । अहिलेसम्मका प्रतिवेदनहरुले विवाद नउठाएको कुरा के छ भने मुलुकको संघीय संरचनामा केन्द्र, प्रान्त र स्थानीय गरी तीन तह हुने छन् । स्थानीय तहका अधिकार र जिम्मेवारी पनि संविधानमै व्यवस्था हुने छन् । यो कुरा अघिल्लो संविधानसभाका प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँट समितिको प्रतिवेदन, राज्य पुनसंर्रचना र राज्यशक्तिको बाँडफाँट समितिको प्रतिवेदन तथा राज्य पुनसंर्रचना सुझाव उच्चस्तरीय आयोगका प्रतिवेदन (बहुमत र फरक मत दुवै) ले विना विवाद सिफारिश गरिसकेका कुरा हुन् । अहिलेको संविधानसभा अन्तर्गत गठन भएको संविधान अभिलेख अध्ययन तथा निर्क्योल समितिले पुराना सहमति अध्ययन गरी यी विषयलाई संविधान मस्यौदा समितिमा पठाउने निर्णय गरेको छ । विवादित विषय नभएकाले यी विषय अबको संविधानमा रहने धेरै आशा गर्न सकिन्छ ।

स्थानीय तहबारे भएका यी सिफारिसहरु संविधानमा रहने कुरालाई मान्दा अहिलेका स्थानीय निकाय (जिविस, गाविस र नगरपालिका) को व्यापक पुनःसंगठन गर्नुपर्ने हुन्छ । अघिल्लो संविधानसभाका समिति र आयोगले सिफारिस गरेअनुसार स्थानीय निकायलाई अधिकार र जिम्मेवारी दिने हो भने अहिलेका जिविस, गाविस र नगरपालिकाको संरचनामा व्यापक फेरबदल हुनु आवश्यक हुन्छ र स्थानीय तह अन्तर्गत माथिल्लो तहमा जिल्लापालिका तथा तल्लो तहमा गाउँपालिका र नगरपालिका वा त्यस्तै संरचना रहने छन् । भावी संघीय संरचनामा परिकल्पना गरिएका जिल्लापालिका अहिलेको जिविस हुनसक्दैन र गाउँपालिका र नगरपालिका अहिलेका गाविस र नगरपालिका बन्नसक्दैनन् । बरु गाउँपालिका र नगरपालिका अहिलेको जिविसको हैसियतमा र अहिलेका गाविस र नगरपालिका वडाको हैसियतमा हुने देखिन्छ । त्यसैले अहिलेका जिविस, गाविस र नगरपालिका संघीय संरचनामा विघटन हुनेछन् ।

संघीय संविधान लागू भएपछि प्रान्तीय सरकार गठन हुनुपर्छ । प्रान्तीय सरकारले उच्चस्तरीय आयोग बनाएर स्थानीय निकायको पुनःसंरचना गर्नेछ । प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजशव बाँडफाड समितिले स्थानीय निकाय गठनमा एकरुपता आओस् भन्ने उद्देश्यले केन्द्रिय सरकारले निर्धारण गरेको मापदण्ड अनुरुप प्रान्तीय सरकारले स्थानीय निकायको पुनःसंरचना गर्नुपर्छ भनेको छ तर राज्य पुनः संरचना सुझाव उच्चस्तरीय आयोगले प्रान्तीय सरकारले नै स्थानीय तहको पुनःसंरचनाका

बाँकी ४ पेजमा

जण्डिसबाट कसरी बच्ने ?

गर्मीयामको शुरुवात संगसंगै विराटनगर लगायत देशका विभिन्न भागमा खाना तथा पानीको माध्यमबाट झाडापखाला, जण्डिस आदि रोगहरु फैलिएको वा फैलिन सक्ने सम्भावना देखिएको हुंदा खाना तथा पानीको प्रयोग गर्दा निम्न कुराहरुमा ध्यान दिई रोग फैलिनबाट बच्न सकिन्छ ।

- *पानीलाई उमालेर अथवा क्लोरिनको प्रयोगद्धारा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।*
- *फलफूल, सागपात र तरकारी पखाल्दा सफा पानीको प्रयोग गरौं ।*
- *बासी, सडेगलेका, झिंगा भन्किएका तथा खुल्ला राखिएका खानेकुरा उपभोग नगरौं ।*
- *काँचो र पकाइसकेका खानेकुरा छुट्टाछुट्टै राखौं ।*
- *खाना बनाउनु अघि, खाना खानु अघि, शौचालय प्रयोग गरिसकेपछि, केटाकेटीको दिशा धोइसकेपछि तथा गाई बस्तु, पशुपक्षीको सम्पर्कमा आए पछि अनिवार्य रुपपमा साबुन पानीले हात धोऔं ।*
- *माछामासु काट्ने र तरकारी फलफूल काट्ने चक्कु भिन्दा-भिन्दै प्रयोग गरौं ।*
- *होटल, रेष्टुरेण्टमा खाजा तथा खाना खांदा सकेसम्म ताजा तथा तातै खाने गरौं । कांचै खाइने सलाद जस्ता खानेकुराहरु उमालेको अथवा निर्मलीकरण गरिएको पानीमा एकछिन डुबाएर मात्र उपभोग गरौं ।*
- *पकाइसकेका खाना तथा पानीलाई राम्रोसँग छोपेर राखौं ।*
- *खाद्य वस्तुको सम्पर्कमा आउने भाँडाकुँडा सुख्खा ओभानो हुनु पर्छ ।*
- *अप्रशोधित कच्चा पदार्थ जस्तै माछा, मासु, तरकारी काट्न प्रयोग गरिने चक्कु वा चपिङ बोर्ड राम्ररी सफा र सुख्खा नबनाई सलादको रुपमा खाने तरकारी फलफूल काट्न प्रयोग गर्नु हुँदैन ।*
- *घरपालुवा जनावर, चरा, मुसा आदिलाई खाना पकाउने ठाउँमा आउन नदिन ध्यान पुर्‍याऔं ।*
- *उपभोग्य मिति समाप्त भइसकेका खाद्य तथा पेय पदार्थ उपभोग नगरौं ।*
- *बालबालिका, वृद्ध तथा बिरामीहरुको खानपान र सरसफाइमा थप सावधानी अपनाऔं ।*

हार्दिक बधाई



प्यूठान रस्पुरकोट-४ निवासी डा. गोविन्द पोखेल राष्ट्रिय योजना आयोगको उपाध्यक्ष पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौँ । साथै, उहाँको पूर्ण कार्यकालको सफलताको कामना सहित जिल्लाको विकासमा महत्वपूर्ण योगदान रहने अपेक्षा गर्दछौँ ।

माधव भण्डारी
अध्यक्ष

नेपाल तरुण दल

जिल्ला कार्यसमिति परिवार प्यूठान

स्थानिय ....

सबै काम गर्ने भनेको छ । स्थानीय निकाय पुन:संरचनाका यी सबै प्रक्रिया संविधान लागू भएपछि तत्काल शुरु हुनेछन् । त्यसैले अहिले घोषणा गरिएका नगरपालिकाले अबका दिन अन्योलमै बिताउनुपर्ने हुन्छ । यिनले न त नगरपालिकाले जनतामा पुऱ्याउनुपर्ने सेवा दिन सक्छन् नत आन्तरिक स्रोत परिचालन नै गर्नसक्छन् ।

अन्त्यमा, नगरपालिकामा बसोबास गर्नेलाई सहरी जनसंख्या भनिने भएकाले अब नेपालको सहरी जनसंख्या १७ प्रतिशतबाट बढेर झण्डै २६ प्रतिशत पुग्ने हिसाब आइसकेको छ । अव गर्वका साथ एक चौथाई नेपाली सहरमा बस्छन् भन्न सकिने भएको छ । नेपालमा करिव एक लाख बस्ती र साना बजार र नगरपालिका तीन सयजति छन् । यी तीन सय बजारलाई नै नगरपालिका बनाउन नसकिने होइन तर नगरपालिका घोषणा गर्दैमा सेवा सुविधा र जनताको जीवनशैलीमा परिवर्तन आइहाल्ने होइन । यसका लागि त ती नगरपालिका पनि प्रभावकारी हुनुपर्छ ।

अहिले पनि केही गाविस छन् जुन नगरपालिकाभन्दा धेरै कुरामा अगाडि छन् । २०५९ साउन १ गतेदेखि स्थानीय निकायमा जनप्रतिनिधि छैनन् र निर्वाचन गराउने सम्बन्धमा राजनीतिक सहमति हुन सकेको छैन भने राज्य पुन:संरचना नभई केही दीर्घकालीन अवधारणा बनाउन सक्ने अवस्था पनि छैन । यस्तो परिसंथितिमा नगरपालिका घोषणा गर्नु त्यो पनि स्थानीय निकायको निर्वाचन हुने नहुने टुंगो नभएका बेला र डेढ दशकभन्दा अघि निर्माण भएको ऐनका आधारमा, यसलाई युक्तीसंगत मान्न सकिंदैन । -गोरखापत्रबाट

एमाले ....

पर्याप्त ध्यान दिन सक्ने छ । यसमा नेपाल समूहले कथंकदाचित् टाउको उठायो भने एमालेको अवसानमा एमाले भित्रै यदुवंशीको जन्म हुने छ ।

त्यसैले यो बेला इमान, जमान, कमाण्ड हुनेहरु उठ्नुपर्छ । कलम हुनेहरु अक्षरमा अनुवाद हुनुपर्छ । विचार हुनेहरु विचारको चिराग लिएर गाउँ पस्नुपर्छ, सही विचार पस्कनुपर्छ । अहिले झोक्राउने बेला होइन । लालोपोतो गर्ने बेला पनि होइन । एमालेमा यो नवौं महाधिवेशन एउटा संकटको घडी हो भन्ने संकेत पाइसकिएको छ । त्यसैले जबज रक्षकहरु होसियार ! तिम्रो कमजोरीमाथि.मैनालीका अवतार र बोगटीका बछेडाहरुले रजाइँ गर्न पनि सक्छन् ।-अनलाइनखवरबाट

मंसिरमा स्थानीय निकाय निर्वाचन

प्यूठान समाचार सम्वाददाता

धनगढि, ३० बैशाख ।

नेपाली कांग्रेसका उप-सभापति रामचन्द्र पौडेलले स्थानीय निकायको निर्वाचन मंसिरमा गराउनु पर्ने वताउनुभएको छ । मंगलवार कैलालीको अत्तरियामा पत्रकारहरुसँग कुराकानी गर्दै उहाँले स्थानीय निकायको निर्वाचन मंसिर अघि सम्भव नरहेको वताउनुभएको हो ।

संविधान निर्माण अघि नै स्थानीय निकायको निर्वाचन हुनु पर्नेमा जोड उहाँले जोड दिनुभयो । 'हामीले जनतासँग प्रतिबद्धता जनाएअनुसार माघ ८ भित्रै नयाँ संविधान जारी गर्नु पर्छ ।',उहाँले भन्नुभयो,'त्यसका लागि सवै दल संविधाननिर्माणमा एकजुट हुनुको कुनै विकल्प छैन ।' संविधानसभा अन्तर्गतका पाँचवटै समितिले काम थालिसकेकाले संविधान बन्नेमा आशंका नगर्न उहाँले आग्रह गर्नुभयो ।

'सन् २०१७ सम्ममा सरसफाइको आनीवानीमा पूर्णता, प्यूठानवासीको प्रतिवद्धता'

सन् २०१७ सम्ममा प्यूठान जिल्लालाई पूर्ण सरसफाइयूक्त (TBC) घोषणा गर्ने महान अभियानमा जुटौं ।

कच्ची चर्पीहरूलाई न्यवस्थित चर्पी बनाई प्रयोग गरौं, पूर्ण सरसफाईको अभियानमा सहभागी होऔं ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान

मानवले मानवलाई शोषण गर्ने, अन्याय अत्याचार गर्ने कार्य निन्दनिय कार्य भएको हुँदा नागरिक अधिकार प्रति सजग र सचेत बनौं र वनाऔं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

वनलाई डढेलोबाट जोगाऔं

वन पैदावार देशकै अमूल्य निधि हुन् । सुख्खा यामको शुरुसँगै वन क्षेत्रमा आगलागनी हुन सक्ने हुँदा आगजनी हुन नदिन आवश्यक सतकर्ता अपनाउनु हुन र आगो लागि भै हालेमा नजिकको रेञ्जपोष्ट इलाका वन कार्यालय तथा यस कार्यालयमा खवर गर्नुभई आगलागी नियन्त्रणमा जुटनु हुन् सम्पूर्ण वन उपभोक्ता समूह जिल्लावासी, गैर सरकारी संस्थालाई हार्दिक अनुरोध गरिन्छ ।

जिल्ला वन कार्यालय प्यूठान
सम्पर्क : ०८६-४२०००९

तपाईको स्वर्गद्वारी यात्रा हामी सफल पार्छौं

हामी कहाँ खाना बस्नको सुविधा सम्पन्न व्यवस्था छ । एसी कोठा र कुनै कार्यक्रम गर्नुपरेमा अत्याधुनिक सुविधा सहितको हलहरुको पनि व्यवस्था छ ।

गाडी रिर्जवको सुविधा सहित

प्यूठान मै पहिलो पटक

उच्च स्तरीय आवास सेवा

टेकप्रसाद भण्डारी
प्रवन्ध निर्देशक

होटल स्वर्गद्वारी दर्शन प्रा.लि.

भिंगृ-३, जलुके प्यूठान

सम्पर्क : ०८६-४०००४४/४५/४६, ९८४७८०५४५४/९८५७८३३०५४

कालिका मेशिनरी हार्डवयर सदाका लागि तपाईको सेवामा समर्पित

हाम्रा सेवाहरु

- फर्निचर तथा ग्रील सम्बन्धी सम्पूर्ण मेशिनहरु पाइन्छ । जस्तै : रञ्जा, मेशिन, कट अफ मेशिन, ड्रील मेशिन, मार्वल कटर, सर्कुलर मेशिन, काठ काट्ने मेशिन(Chain saw), वल्डीङ मेशिन, विभिन्न साइजका मोटरहरु, पानी तान्ने मोटर, खरात मेशिनको सेट, जेनेटर र विभिन्न खालका ठूला मेशिनहरु पनि पाइन्छ ।
- कुटने पिस्ने मिल र यसका सामानहरु पाइन्छ ।
- आधुनिक डिजाइनका ब्रान्डेड धारा र यस फिटिङ्गसका सामान तथा पाइप पाईन्छ ।
- ट्वाइलेट सिटहरु विभिन्न डिजाइनमा पाईन्छ ।
- किचन तथा बाथरुम फिटिङ्गस, वास बेसिङ्ग ।
- विभिन्न डिजाइनका टायल्स, तथा फोटो टायल्सहरु पाईन्छ ।
- सम्पूर्ण खालका हाते औजार (Tools) पाईन्छ ।

नेपा टपको पिपिआर पाइप पाइने प्यूठानको एकमात्र ठाउँ ।



कालिका मेशिनरी एण्ड सप्लायर्स

भौका पानीको धारा माथीपट्टी विजुवार, प्यूठान
सम्पर्क : ९८४७८३९८७१, ९८५७८२१८७१

गुणस्तरीय सेवा हाम्रो प्रतिवद्धता

प्रो. शंसेर नेपाली

'सन् २०१७ सम्ममा सरसफाइको आनीवानीमा पूर्णता, प्यूठानवासीको प्रतिवद्धता'

सन् २०१७ सम्ममा प्यूठान जिल्लालाई पूर्ण सरसफाइयूक्त (TBC) घोषणा गर्ने महान अभियानमा जुटौं ।

कच्ची चर्पीहरूलाई न्यवस्थित चर्पी बनाई प्रयोग गरौं, पूर्ण सरसफाईको अभियानमा सहभागी होऔं ।

जिल्ला विकास समिति, प्यूठान

फर्निसिङका सम्पूर्ण सामाग्रीहरु एकै छानामा

- नेपाली तथा तेस्रो मुलुकबाट आयातित सम्पूर्ण प्रकारका अफिस तथा घरायसी फर्निचरहरु । - घर रंग रोगनका सामानहरु ।
- विभिन्न किसिमका कार्पेट, पर्दा, डेर म्याडहरु, सोफासेट, टेवुलपोस, टि.भि. ऱ्याक, टि-टेवुल, दराज लगायत सम्पूर्ण फर्निचर तथा फर्निसिङका समानहरु थोक तथा फुटकरका लागि

डलफिन प्लाष्टिक फर्निचर, यति कार्पेट र एभरेष्ट स्टिल फर्निचरको आधिकारिक बिक्रेता

होम डेलिभरी तथा फिटिङको व्यवस्था

प्रो. झविन्द्र शर्मा, व्यवस्थापक : अर्जुन शर्मा/आकाश शर्मा
सम्पर्क : ९८५७८२१५८६, ९८४७८२०३९१, ९८४७९७०७६७, ९८६६९३६२९७

राज अर्डर एण्ड सप्लायर्स

राज डेकोर होम

प्रधान शाखा खलंगा बसपार्कलाईन, मुख्य शाखा विजुवार-७ भौका प्यूठान

हार्डवयरका लागि विश्वासिलो ठाउँ

हामीकहाँ सिमेन्ट, सरिया, पेन्ट, जि.आई, पि.वि.सी, एच.जि.पी पाइप, पाइप फिटिङ्ग कर्कट पाता, टवाईलेट तथा वाथरुम फिटिङ्ग, पानी टंकी, रंग रोगन प्लाष्टिक ईटा पनि पाइन्छ ।

ईटा, बालुवा, गिट्टी, ढुङ्गा समेत ढुवानीको व्यवस्था छ ।

सोना सिमेन्ट पञ्चकन्या प्लाष्टिक पाइप प्यूठानको लागी (आधिकारीक विक्रेता) डिलर ।

लक्ष्मी ट्रेडर्सबाट सामान किन्नुहोस् सदाको लागि ढुक्क बन्नुहोस् ।

प्रो : बद्री श्रेष्ठ

लक्ष्मी ट्रेडर्स

धर्मावती-१, बाग्दुला प्यूठान

सम्पर्क : ०८६-४६०२६१, ९८५७८२०६८२, ९८४८३५३४४७

सपेक्षा मोटर साईकल वर्कशप नयाँ

खलंगा वसपार्क लाईनमा लामो समय देखि सेवा दिदैं आएको यस सपेक्षा मोटर साईकल वर्कशप ग्राहक वर्गहरुको मध्यनजर गर्दै नयाँ स्थानमा सरेको जानकारी गराउँदछौं ।

प्रो. प्रविण शाही
खलंगा-५ (खानेपानी मोड), प्यूठान

सम्पर्क : ९८५७८३२५०३, ९८४७८२०४३५, ९८४७८२०२०३

Sales Maintenance Parts Washing

आकर्षक ग्रिल आशिका ग्रिल उद्योगमा

सटर, चेनगेट, ग्रिल, फेन्सी गेट, स्विच गेट, वाल गेट, डेक्स बेन्च, टस, रेलीङ, गोलभऱ्याङ, तथा फलामबाट बन्ने सम्पुर्ण सामान बनाइनुका साथै स्टिल रेलीङ, आलमुनियमका झ्यालढोका, चौकोस, पार्टीसन पनि ग्यारेन्टिका साथ निर्माण गरीनुका साथै होम डेलीभरीको पनि ब्यवस्था छ ।

प्रो. अर्जुनसिंह बि.क.

आशिका ग्रिल उद्योग, बिजुवार-७, प्यूठान
सम्पर्क : ०८६-४६०१८४ मुवाइल : ९८५७८३३५२५, ९८४७८३९४२५

गुणस्तरीय सेवा नै हाम्रो धर्म हो । एकपटक सेवा गर्ने मौका अवस्य दिनुहोला । नभुक्किनु है !
पहिलेको राना ग्रिल उद्योग नै आशिका ग्रिल उद्योग हो ।

सिर्डो नेपाल स्वाभीमान फार्मेसी

यहाँ योग, ध्यान, एकुपञ्चर, एक्युप्रेसर, आयूर्वेद, एलोप्याथी, प्राकृतीक चिकित्सा आदि उपचार विधीबाट बाथ, जोर्नीहरु दुख्ने, सुन्निने युरिकएसिड, प्यारालाइसिस ग्याष्टिक, दम पत्थरी, मानसिक रोग, चिन्ता डिप्रेसन लगायतका तमाम नयाँ तथा पुराना जिर्ण रोगहरुको सफल उपचार गरिन्छ ।

साथै यहाँ एक्सरे, रगत,दिशा, पिसाव, खकार, विर्य, गर्भ, एच.आई.भी परिक्षण गरिन्छ । यसै गरि विद्यार्थी एवंम गरिव परिवार र सुगरका विरामी स्वयंमले प्रत्येक शनिवार ल्याव परिक्षण गरेमा २५% छुटको व्यवस्था गरिएको छ । नि:शुल्क स्वास्थ्य योग, ध्यान शिविर प्रत्येक दिन विहान SIRDO NEPAL को सहयोगमा दिइनेछ । यदि यहाँहरु विरामी भई टाढा जानुपरेमा तथा शुभ विवाह, पार्टी पिकनिक, भ्रमणका लागि टाटा सुमो गाडीको व्यवस्था पनि छ ।

योग प्रशिक्षकYogi O.H. Bhattarai (स.चि.स.मे. ल्याव)

जुम्रि बजार, प्यूठान

सम्पर्क : ०८६-४६०३९८, ९८४७८७१०२८

प्यूठान समाचार दैनिकका लागि प्रकाशक/प्रधान सम्पादक : इमानसिंह भारती, **सम्पादक :** विजयसिंह भारती, **अतिथि सम्पादक :** गिरु प्रसाद भण्डारी, **कार्यकारी सम्पादक :** सुजल श्रेष्ठ, **प्रमुख सम्वाददाता :** एलवी थापा, **व्यवस्थापक :** केशर रोका, **कम्प्यूटर ले-आउट :** रामबाबु शाही (९८४७८२०३२०), **सल्लाहकारहरु :** लोक बहादुर बस्नेत, अर्जुन कुमार कक्षपती **प्रधान कार्यालय :** खलंगा-५ प्यूठान
फोन/फ्याक्स : ०८६-४२०००२/०८६-४२००९९, **Email :** pyuthansamachar@gmail.com, **Web :** www.pyuthansamachar.com, **मुद्रण :** भारती छापाखाना तथा स्टेशनरी उद्योग खलंगा, प्यूठान